महाराजगंज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२
चलानी नं:

मितिः २०८१/१२/२६

## विज्ञप्ति

नेपाल शिक्षक महासंघको आव्हानमा विद्यालय शिक्षा क्षेत्रका सेवा, शर्त तथा सुविधा सम्बन्धी विषयहरुलाई समावेश गरी यथाशीघ्र संघीय शिक्षा ऐन जारी गर्नुपर्ने माग राखि देश भरका शिक्षकहरु २०८१ चैत्र २० गतेदेखि काठमाण्डौं केन्द्रित आन्दोलनमा रहेको वर्तमान परिवेशले शैक्षिक वर्ष २०८१ को विद्यालयको वार्षिक परीक्षाको नतिजा प्रकाशन, शैक्षिक वर्ष २०८२ को शैक्षिक क्यालेण्डर अनुसार कार्यक्रम सञ्चालन, विद्यार्थी भर्ना, लगायतका शैक्षिक गतिविधिहरु प्रभावित हुने देखिएको छ ।

विद्यालय शिक्षा क्षेत्र योजना (SESP) को उद्देश्य विद्यार्थीको विद्यालय शिक्षामा पहुँच र सहभागिताको सुनिश्चिततामा समेत प्रत्यक्ष प्रभाव पर्ने देखिएकोले विद्यालय शिक्षक तथा कर्मचारीको जायज माग प्रति महाराजगंज नगरपालिकाको ऐक्यवद्धता रहेको जानकारी गराउँदै यथाशिघ्र मागहरु सम्बोधन गरी शिक्षकहरु विद्यालय फर्कने सहज वातावरण सिर्जना गरिदिनुहुन नेपाल सरकार समक्ष हार्दिक अनुरोध छ ।

अब्दुल कलाम
नगर प्रमुख

वेभसाइटः www.maharajgunjmun.gov.np
ईमेलः info@maharajgunjmun.gov.np
फोन नं. ०७६- ४०००५०